# नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाण्डौ ।
फोन नं.: ४४१४८०४/८०५/८०७
एक्सटेन्सन ५३०
पोष्ट बक्स: ७३
Email :fxmd_policy@nrb.org.np


**इ.प्रा. परिपत्र संख्या : ०१/२०८०-८१**

**मितिः २०८०/०४/१२**

**श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग विभागलगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरु,**
**श्री विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकहरु र राष्ट्रियस्तरका "ख" वर्गका विकास बैंकहरु तथा अन्य निकायहरु ।**

**विषय : एकीकृत परिपत्र-२०७९ मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त निकायलाई जारी गरिएको एकीकृत परिपत्र-२०७९ मा देहाय बमोजिम संशोधन/थप गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. **एकीकृत परिपत्र-२०७९ को एकीकृत इ.प्रा. परिपत्रः ७/२०७९ को दफा १ को खण्ड (ख) को बुँदा नं. १ लाई देहायबमोजिम संशोधन गरिएको छ :**
भारत बाहेक अन्य मुलुकहरूको भ्रमणमा जाने नेपाली नागरिकहरूलाई राहदानी वापत प्रति पटक अमेरिकी डलर **२,५००**।- वा सो बराबरको परिवर्त्य विदेशी मुद्रासम्म सटही सुविधा दिन सकिनेछ । तर, यस्तो सटही सुविधा एक वर्षमा २ पटकमा नबढ्ने गरी मात्र प्रदान गर्न सकिनेछ ।
**<u>प्रष्टीकरण:</u> एक वर्ष भन्नाले एक आर्थिक वर्षलाई जनाउँछ र यो परिपत्र जारी भएको मिति २०८०/०४/१२ देखि गणना हुनेछ । यो परिपत्र जारी भएको मिति २०८०/०४/१२ अगावै राहदानी बापतको सटही सुविधा लिई भ्रमण गरिसकेकाको हकमा आर्थिक वर्ष २०८०/८१ मा प्रति पटक अधिकतम अमेरिकी डलर २,५०० गरी अधिकतम दुई पटक सटही सुविधा प्रदान गर्न बाधा पर्ने छैन ।**

२. **एकीकृत परिपत्र-२०७९ को एकीकृत इ.प्रा. परिपत्रः ७/२०७९ को दफा १ को खण्ड (ख) को बुँदा नं. २ मा उल्लिखित दोस्रो अनुच्छेदलाई हटाई देहायबमोजिम बुँदा नं. २ कायम गरिएको छ :**
नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा जाने नेपाली नागरिकलाई राहदानी वापत अधिकतम अमेरिकी डलर २००।- (दुई सय) सम्म मात्र सटही सुविधा उपलव्ध गराउनु पर्नेछ ।

भवदीय,

(रामु पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थः**
१) श्री गभर्नरको कार्यालय ।
२) श्री डेपुटी गभर्नरको कार्यालय ।
३) नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।

क्रमशः

नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाण्डौ ।
फोन नं.: ४४१४८०४/८०५/८०७
एक्सटेन्सन ५३०
पोष्ट बक्स: ७३
Email :fxmd_policy@nrb.org.np

४) श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
६) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
७) श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
८) श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखापरीक्षण विभाग ।
९) श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
१०) श्री नेपाल उद्योग परिसंघ ।
११) श्री नेपाल चेम्बर अफ कमर्स ।
१२) श्री नेपाल बैंकर्स संघ ।
१३) श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन ।